# स्थानीय सरकार,शैलुङ गाउँपालिकाको कार्यपालिकाको निर्णय सार्वजनिक प्रयोजन
## २०८२ साल जेष्ठ २६ गतेको गाउँ कार्यपालिका निर्णयहरू

१. शैलुङ गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरुमा भइरहेको सेवा प्रवाह,वडामा भइरहेका गतिविधिहरु, आगामी आ.व. २०८१/०८२ को बार्षिक कार्ययोजना कार्यान्वयन र गाउँ कार्यपालिकाबाट निर्णय भएका निर्णयहरु कार्यान्वयनको अवस्था सम्बन्धी छलफल गर्दै आइपरेका समस्याहरुको समस्या समाधान गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने

२. यस शैलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ मा कार्यान्वयन हुनेगरी सम्झौता भई कार्य सञ्चालन भएका देहायका आयोजनाहरुको गाउँपालिका स्तरीय अनुगमन समितिबाट अनुगमन भै तयार भएको अनुगमन समितिको देहाय बमोजिमको प्रतिवेदन अनुमोदन गर्ने

गाउँपालिका स्तरीय अनुगमन समितिको प्रतिवेदन

२३ जेठ, २०८२

यस शैलुङ गाउँपालिकाको आ ब २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सम्झौता भै कार्यान्वयन भएका आयोजनाहरुको गाउँपालिका उपाध्यक्ष श्री पार्वती कार्की संयोजक रहनु भएको गाउँपालिका स्तरीय सुपरीवेक्षण तथा अनुगमन समितिले विभिन्न मितिमा स्थलगत अनुगमन गरी सो का आधारमा यो प्रतिवेदन तयार गरिएको छ।

अनुगमन गरिएका आयोजनाहरुः

१) मिति २०८२ साल जेठ ०४ गतेका दिन शैलुङ गाउँपालिकाको वडा नं २ र ३ मा कार्यान्वयन भै रहेका र कार्य सम्पन्न भएका विभिन्न योजनाहरुको स्थलगत अनुगमन गरियो। जस अन्तरगत शिव मन्दिर निर्माण शैलुङ २ को कार्य अन्तिम चरणमा पुगेकोमा हाल उक्त कार्य समेत सम्पन्न भएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत चित्रे पोर्साव सडक सोलिङ र मालिघ्याङ खोला पसलटोल सडक स्तरोन्नति शैलुङ २ को कार्य सम्पन्न भएको छ। चित्रे ढाक्रेबास लिङ्गे कृषि सडकको ट्रयाक खोल्ने कार्य सम्पन्न भएको छ भने निर्माण व्यवसायी मार्फत कार्यान्वयन भएको नविन मावि भौतिक व्यवस्थापनको कार्य अन्तिम चरणमा पुगेको देखिएको छ। स्थलगत अनुगमन कै क्रममा शैलुङ २ स्थित ग्रिनतारा साना किसान कृषि सहकारी संस्था मार्फत माछा पालन गरिएको पोखरी सुधार गर्नुपर्ने देखियो। साथै पोखरीमा माछा राखिएको भनी किसानले बताए पनि माछ भएको यकिन हुन नसकेकोले सम्बन्धित शाखाले यस कार्यको अवस्थाको बारेमा जानकारी लिई कामको प्रगतिको बारेमा यकिन भएर मात्र अघि बढाउन उपयुक्त हुने देखिएको छ।

२) सोही दिनमा वडा नं ३ को बाघखोर पछाडि ग्राउण्ड व्यवस्थापनको लागत अनुमान बमोजिम कार्य सम्पन्न भएको देखिएको छ। त्यसैगरी बोल्डुङखोला भुरुङ्गा खानेपानी शैलुङ ३ भुरुङ्गा वस्ती सिढी निर्माण शैलुङ ३ गोचेत सिंगरखोला फड्के पुल शैलुङ ३ को समेत कार्य सम्पन्न भएको देखिएको छ। कालिभुमे मावि भौतिक व्यवस्थापन शैलुङ ३ को केही फिनिसिङको कार्य बाँकी भएको देखिएको छ भने प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत फोक्टे झगडे डाँडा सडक सोलिङ शैलुङ ३ को कार्य सम्पन्न भएको छ।

३) २०८२ जेठ २२ गते वडा नं ६ र ८ का विभिन्न आयोजनाहरुको अनुगमन गरियो। जस अनुसार वडा नं ६ को भुरुङ्गा खोला पानीघाट सिंचाई मर्मतको कार्य कठिन भौगोलिक अवस्थितिका बाबजुद मर्मत कार्य सम्पन्न भएको देखिएको छ। यस योजना मर्मतको लागि खरिद गरिएको एक पिस सिंचाई पाइप आयोजनामा नराखिएको अवस्थामा भेटिएकोले सो को समुचित व्यव्थापन

गरेर मात्र पेश गर्नुपर्ने देखिन्छ । त्यसैगरी वडा स्तरीय सडक मर्मत सुधारको कार्य सम्पन्न भएको छ । ठुलोखोला ढिस्कुना सिंचाई शैलुङ ६ को कार्य प्रारम्भ भएको देखिए तापनि प्रभावकारी कार्यान्वयनको अवस्था नदेखिएकोले यसको कार्यान्वयन हुने या नहुने सम्बन्धित प्राविधिक र वडा कार्यालयले यकिन गर्नुपर्ने देखिन्छ । रहेले महादेव मन्दिर व्यवस्थापन शैलुङ ६ को कार्य भै रहेको र कार्य सम्पन्न हुने चरणमा पुगेको देखिएको छ । त्यसैगरी लिभिङ वाटर नेपाल सँगको साझेदारीमा सञ्चालन भएका साजे खानेपानी आयोजना शैलुङ ६ र लकाईंगाउँ खानेपानी आयोजना शैलुङ ६ को कार्य सम्पन्न भएको तर लकाईंगाउँ खानेपानी आयोजनाको ठाउँमा पाइप पुर्ने कार्य प्रभावकारी नदेखिएको र सबै धारामा पानी सञ्चालन नभएको पाइएकोले सम्बन्धित संस्थाको प्राविधिकले यस विषयमा स्थलगत निरीक्षण गरी जानकारी लिनुपर्ने देखिएको छ ।

४) सोही दिन वडा नं ८ को तल्लो दाङ खानेपानी आयोजनाको स्थलगत निरीक्षण तथा अनुगमन गर्दा खानेपानी आयोजनाबाट उत्साहजनक रुपमा धाराबाट पानी सञ्चालन भएको मुहान सुरक्षित रहेको तथा स्थानीय लाभग्राही हरु पनि खुशी भएको देखियो भने शैलुङ्गेश्वर स्वास्थ्य चौकी शैलुङ ८ को काम भैरहेको देखिएको छ ।

५) २०८२ जेठ २३ गते वडा नं ५ मा देवीथान कुटीखोला सडक सोलिङ र गाईघाट खानेपानी आयोजनाको स्थलगत निरीक्षण गर्दा दुवै आयोजनाको कार्य सम्पन्न भएको तर गाईघाट खानेपानी आयोजनाको पाइपलाइन पुरिएको ठाउँमा फिनिसिङ गर्नुपर्ने धाराको टुटि भाँचिएको अवस्थामा देखिएकोले त्यसलाई फेर्नुपर्ने तथा मुहान थप सुरक्षित गर्ने विधि अपनाएर व्यवस्थित गर्नुपर्ने देखिएकोले सम्बन्धित उपभोक्ता समितिलाई सोही बमोजिम गर्न सुझाव दइयो ।

निष्कर्षः

गाउँपालिका स्तरीय अनुगमन समितिले यस अवधिमा अनुगमन गरेका आयोजनाको अवस्था समग्रमा विश्लेषण गर्दा सन्तोषजनक देखिएको छ । सडक सोलिङको कार्य तुलनात्मक रुपमा केही आयोजना बाहेक राम्रो देखिएको तर चुकुल ठोकेर सोलिङ बलियो बनाउने तर्फ अझैपनि अपेक्षित ध्यान पुग्न नसकेको देखिएकोले यस तर्फ ध्यान दिन प्राविधिक रुपमा समेत सुझाव दिइएको छ । खानेपानी आयोजनाको कार्य गर्दा मुहन सुरक्षित गरी स्वच्छ खानेपानी आपूर्ति गर्ने कुरामा उपभोक्ता समिति लागयत सबै जिम्मेवार पक्ष सचेत हुनुपर्ने देखिएको छ । त्यस्तै पशु पंक्षी विकास शाखा तथा कृषि विकास शाखाबाट सञ्चालन भै रहेका आय आर्जनका क्रियाकलापहरुको सम्बन्धित शाखाका प्राविधिक कर्मचारीले सधैंजसो स्थलगत अनुगमन गरी प्रभावकारी कार्यान्वयन गर्ने तर्फ थप ध्यान दिनुपर्ने देखिएको छ । समग्रमा यस अवधिमा वडाहरुमा पुगी स्थलगत अनुगमन गर्दा कार्यान्वयन भै रहेका आयोजना तथा कार्यक्रमहरुले स्थानीय समुदायमा उपलब्धि हासिल हुने अवस्था देखिएकोले यस अवधिको अनुगमनबाट सन्तुष्ट हुने अवस्था भने देखिएको छ ।

प्रतिवेदक

सदस्य सचिव

३. आ.व. २०८२/०८३ को नीति, कार्यक्रम र बजेट स्वीकृत गर्नको लागि शैलुङ गाउँपालिकाको १८ औं गाउँसभा मिति २०८२ साल असार ७ गते र असारको ९ गते शैलुङ गउँपालिकाको सभाहलमा गर्ने र सोको तयारीको लागि विषयगत समिति र गाउँपालिकाका कर्मचारीहरुलाई निर्देशन दिने

४. आगामि आ. व. २०८२/०८३ को नीति कार्यक्रम र योजना तथा कार्यक्रम देहाय बमोजिमको बिभिन्न समयमा नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त तपसिल  बमोजिमको मार्गदर्शनको आधारमा योजना तथा कार्यक्रम तर्जुमा गर्ने

योजना तथा कार्यक्रम तर्जुमाका आधारहरू

१. नेपालको संविधान
२. स्थानिय सरकार संचालन ऐन,२०७४
३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन,२०७४
४. अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
५. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
६. नेपाल सरकार र प्रदेश सरकारले जारी गरेका नीति, कानून र मापदण्डहरु
७. शैलुङ गाउँपालिकाको आवधिक विकास योजना
८. स्रोत साधन
९. विकासका अन्तर सम्बन्धित विषयहरु
१०. नेपाल सरकार र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु
११. जनता सँग जाहेर गरिएका प्रतिवद्धताहरू

योजना तथा कार्यक्रमका मार्गदर्शनहरू

१. गाउँ कार्यपालिका बैठकबाट स्वीकृत वार्षिक योजना तथा कार्यक्रम तर्जुमा कार्यतालिका बमोजिमका क्रियाकलाप तोकिएको मिति, समय र स्थानमा सरोकारवालाहरुलाई सहभागी गराई योजना तथा कार्यक्रम तर्जुमाका सबै चरणहरुको अवलम्बन गर्नुपर्नेछ।
२. टोल/बस्तीस्तरमा योजना संकलन/ छनौट गर्दा स्थानीय सामाजिक संघ/संस्थाका प्रतिनिधि,  महिला बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति , सीमान्तकृत समुदाय, दलित , आदिवासी, जनजाती, युवा, समाजसेवी, बुद्धजिवी, राजनीतिक दल, नागरिक समाज, संचारकर्मी लगायतका प्रतिनिधिहरुको आधिकारिक सहभागिता गराउने प्रयास गर्नुपर्नेछ।
३. सबै वडाबाट सार्वजनिक सूचना जारी गरी योजना संकलन मिति,स्थान र समयबारे जानकारी गराउनु पर्नेछ।
४. बस्तीस्तरको योजना संकलन/छनौट गर्दा वडा अध्यक्ष, वडा सदस्य, वडा प्राविधिक, वडा सचिवले सहजीकरण गर्नु पर्नेछ।
५. वस्तीस्तरबाट संकलित योजना तथा कार्यक्रमहरु वडागत बजेट सिलिङभित्र रही वडा  समितिबाट योजना प्राथमिकीकरण गरी तोकिएको समयभित्र वडा समतिको निर्णय सहित गाउँपालिकामा पेश गर्नुपर्नेछ।
६. वडाबाट योजना प्राथमिकीकरण गर्दा सोह्रौ योजनाको लक्ष्य, उद्देश्य र रणनीतिहरु, प्रादेशिक योजनाका लक्ष्य, उद्देश्य, रणनीति, स्थानीय आवश्यकता, भूगोल, समुदायको सन्तुलन कायम गर्न ध्यान दिनुपर्नेछ।
७. वडास्तरीय बजेट सिलिङभित्र समावेश गर्न नसकिएका बस्तीहरुबाट संकलित योजना तथा कार्यक्रमहरुलाई प्राथमिकीकरण गरी वडा समितिको निर्णय सहित गाउँपालिका स्तरीय योजना/कार्यक्रममा समावेश गरिदिन गाउँपालिका समक्ष सिफारिस गरी पठाउनु पर्नेछ।

८. गाउँस्तरमा क्रियाशील गैर सरकारी संस्थाहरुलाई उनीहरुका आगामी आ.व का कार्यक्रमहरुलाई गाउँपालिकाको वार्षिक योजना तथा कार्यक्रममा समावेश गराउन सम्बन्धित शाखा लगायत सबैले सहजीकरण गर्नुपर्नेछ ।

९. वडास्तरमा क्रियाशिल गैर सरकारी संस्थाहरुसँग समन्वय गरी संस्थाका आगामी आ.व का कार्यक्रमहरुलाई गाउँपालिकाको वार्षिक योजना तथा कार्यक्रममा समावेश गराउन उनीहरुका कार्यक्रमहरु लिखित रुपमा गाउँपालिकामा पेश गर्न लगाउनु पर्नेछ ।

१०. विषयगत शाखाका कार्यक्रम तर्जुमाको लागि विषयगत समितिमा हुने छलफलमा सम्भव भएसम्म जिल्लास्तरका संघीय एवं प्रादेशिक कार्यालय, सम्बन्धित समाजिक संघ संस्था, लक्षित समूह लगायतका सम्बन्धित क्षेत्रको प्रतिनिधित्व गराउनुपर्नेछ ।

११. दिगो विकासका लक्ष्यहरु (SDGs) का सम्बन्धित लक्ष्यहरु हासिल गर्न सहयोग पुग्ने किसिमका कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेछ ।

१२. आयोजना तथा कार्यक्रम छनौट गर्दा योजनामा दोहोरोपना नहुने गरी उत्पादनशील, रोजगारी वृद्धि, गरिबी न्यूनिकरण, वातावरण संरक्षण, विपद तथा जलवायु जोखिम न्यूनिकरण, समावेशी विकास जस्ता क्षेत्रमा सहयोग पुर्याउने छोटो समयमा सम्पन्न भई बढी प्रतिफल दिने, कम लगानीबाट बढी जनसंख्यालाई लाभ पुर्याउने, प्राविधिक रुपमा उपयुक्त तथा जनसहभागिता जुटाउन सकिने  किसिमका आयोजनालाई प्राथमिकता दिनुपर्नेछ ।

१३. आयोजना तथा कार्यक्रम छनौट तथा बजेट विनियोजन गर्दा भुगोल, गरिबी,  लाभान्वित जनसंख्या लाई आधार मानी सन्तुलन कायम हुने गरी गर्ने ।

१४. नयाँ स्थापना भएका वडाहरुको भौतिक तथा अन्य पूर्वाधार विकास र व्यवस्थापनलाई प्राथमिकता दिने ।

१५. भवन निर्माण सम्बन्धी कार्यक्रम बनाउँदा जग्गाको उपलब्धता नभई बजेट नछुट्याउने ।

१६. सम्पन्न भइसकेका भौतिक संरचनाहरुको दिगोपनालाई ध्यान दिई निरन्तर संचालन हुन सक्ने अवस्थामा राख्नको लागि आवश्यक मर्मत संभार बजेटको व्यवस्था गर्ने ।

१७. बस्ती तथा वडास्तरबाट माग भै आउने आयोजना मध्य वडा तहस्तरमा सम्बोधन गर्न नसकिने आयोजना तथा कार्यक्रमहरुलाई पालिकास्तरमा समापेश गर्नुपर्ने वा प्रदेश तथा संघ स्तरमा माग गर्नुपर्ने भएमा सम्बन्धित वडा र विषयगत समिति मार्फत त्यस्ता मागहरुको व्यवस्थापन गर्ने ।

१८. पूर्वाधारतर्फ निमार्णाधिन अधुरा आयोजनालाई सम्पन्न गरी संचालनमा ल्याउने कार्यक्रलाई प्राथमिकता दिने ।

१९. विपद जोखिम न्यूनिकरण सम्बन्धी आयोजना तथा कार्यक्रम छनौट गर्दा विपद व्यवस्थापन समितिसँग समन्वय गरी उक्त प्राथमिकीकरण गरेका कार्यक्रमहरुलाई समावेश गर्ने ।

२०. कार्यक्रम तर्जुमा गर्दा महिला, बालबालिका, अपाङ्ग, आदिवासी जनजाती तथ पिछडिएका वर्ग क्षेत्र, दलित र अल्पसंख्यक लक्षित कार्यक्रमहरुलाई निरन्तरता दिने ।

२१. योजना तथा कार्यक्रम छनौट गर्दा आर्थिक विकास तथ गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादन मुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, लैङ्गिक समानता र सामाजिक समावेशिकरण अभिबृद्धि हुने, दीगो विकास, वातावरणीय संक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुग्ने खालका कार्यक्रम समावेश गर्ने ।

सामुदायिक विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि अभियान, बालमैत्री स्थानीय शासनयुक्त वडा/गाउँपालिका अभियान, बालविवाह र लैङ्गिक हिंसामुक्त वडा/ गाउँपालिका अभियान, वातावरणमैत्री स्थानीय शासन, पूर्ण खोपयुक्त गाउँपालिका दिगोपना अभियान, शैलुङ भ्रमण वर्ष अभियान, बिरामीलाई निशुल्क रगत अभियान, हरेक टोल पृथक विशेषता र पहिचान अभियानमुखी कार्यक्रमलाई प्राथमिकता राख्ने ।

५. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौंको समन्वय तथा एशियाली विकास बैंकको आर्थिक सहयोगमा निर्माण भएको शैलुङ गाउँपालिकाको मध्यकालिन खर्च संरचना पुस्तिका गर्ने निर्णय गरियो ।

६. शैलुङ गाउँपालिकाको आयोजना बैंक कार्यान्वयन पुस्तिका स्वीकृत गर्ने

७. १८ औं गाउँसभामा नीति तथा कार्यक्रम र बजेट निर्माण गर्नको लागि गाउँपालिकाका उपाध्यक्ष श्री पार्वती कार्किज्यूको संयोजकत्वमा तपसिल बमोजिमको मस्यौदा समिति गठन गर्ने

तपसिल

| सि.नं. | नाम थर | पद | सामितिको | कैफियत |
|---|---|---|---|---|
| १ | पार्वती कार्की | उपाध्यक्ष | संयोजक | |
| २ | संजिव न्यौपाने | प्रमुख प्रशासकीय अधिकृत | सदस्य | |
| ३ | दिल कुमार तमाङ | वडा अध्यक्ष, ५ नं वडा | सदस्य | |
| ४ | दिपक बस्नेत | वडा अध्यक्ष, ६ नं वडा | सदस्य | |
| ५ | बन्दना पाख्रिन | कार्यपालिका सदस्य | सदस्य | |
| ६ | सन्तोष दाहाल | शिक्षा अधिकृत | सदस्य | |
| ७ | ठमिर प्रसाद घिमिरे | सूचना प्रविधि अधिकृत | सदस्य | |

८. शैलुङ गाउँपालिकाको बिमा संयोजन समिति गठन तथा संचालन कार्यविधि, २०८२ स्वीकृत गर्ने

९. गाउँपालिकामा रहेका तपसिल बमोजिमका सवारीसाधनहरु लागत अनुमान अनुसार मर्मत गरी खर्च उपशीर्षक नं. २२२१३, सवारी साधन मर्मत खर्च शिर्षकमा विनियोजित रकमबाट भुक्तानी दिने

तपसिल

| सि.नं. | सवारीसाधन नं. | सवारी प्रकार | सवारीचालकको नाम | अनुमानित लागत रू | कैफियत |
|---|---|---|---|---|---|
| १ | बागामति प्रदेश ०२-००१ ब ३६२४ | मोटरसाइकल | ठमिर प्रसाद घिमिरे | १९,८००/- | |
| २ | बागामति प्रदेश ०२-००१ ब ४६०७ | मोटरसाइकल | विष्णु बहादुर कार्की | १०,४५०/- | |
| ३ | बागामति प्रदेश ०२-००१ ब ४६०८ | मोटरसाइकल | अर्जुन कुमाल श्रेष्ठ | ४,९२९/- | |

१०(क). शैलुङ गाउँपालिका ८ नं. वडा कार्यालय अन्तर्गत संचालित दर्ता नं. ६१८-०६८/०६९, श्री पहरीखर्क महिला कृषि सहकारी संस्था लि., शैलुङ-८,दोलखाको मिति २०८१/०३/१६ गतेको पत्र तथा सोहि संस्थाको मिति २०७९/०४/०५ गतेको

बैठकको निर्णयानुसार संस्था दर्ता खारेजी गर्ने भनिएको र शैलुङ गाउँपालिकाको सहकारी ऐन,२०७४ को दफा ६६ मा भएको व्यवस्था बमोजिम श्री पहरीखर्क महिला कृषि सहकारी संस्था लि., शैलुङ-८,दोलखालाई खारेज गर्ने

१० (ख). दुर्गा माध्यमिक विद्यालयबाट मिति २०८२ जेष्ठ ८ गते पेश भएको नमुना विद्यालय भौतिक व्यवस्थापन अनुदान अन्तरगतको अन्तिम बर्षको कार्यक्रम गुरुयोजना अनुसार संसोधन गर्न प्रस्ताब पेश भए अनुसार नेपाल सरकार शिक्षा मन्त्रालयबाट जारी गरिएको कार्यक्रम कार्यान्वयन कार्यविधी २०८१/०८२ को क्रियाकलाप नं. ११.१.२.२०९० को बुदा नं. ८.३ को दोर्सो बुँदा अनुसार नमुना विद्यालयका रुपमा विकास भएका विद्यालयले विकासका लागि तयार गरेको भौतिक एवम शैक्षिक गुरुयोजना विद्यालयको प्रस्ताबका आधारमा स्थानीय तहले आवश्यक्ता र औचित्यका आधारमा परिमार्जन अध्यवधिक गर्न सक्नेछ भन्ने व्यवस्था भएको हुनाले विद्यालयको प्रस्ताबका आधारमा आ.व. २०८२/०८३ मा कार्यान्वयन हुने कार्यक्रम तपसिल बमोजिम हुने गरी स्वीकृत गर्ने

| SUMMARY OF COST | | |
|---|---|---|
| Name of Project:- Construction of Infrastructure For the model School | | |
| Name of School: Durga Secondary School | | |
| Location: Shailung Rural Municipality-04, Dolakha | | |
| Employer Name : Shree Durga Secondary School | | |
| IPC NO: Total Cost of Works | | |
| Nos | Description of Works | Cost Amount |
| 1 | Construction of Boundary wall for School. | 2,617,148.81 |
| 2 | Panel Truss House Work | 2,103,770.52 |
| 3 | Smart TV | 857,990.00 |
| 4 | Smart Board | 900,000.00 |
| 5 | Laptop | 1,109,985.00 |
| 6 | Furniture For Hostel | 1,000,000.00 |
| 7 | Science Lab | 400,000.00 |
| 8 | Math Lab | 400,000.00 |
| 9 | Library Decoration | 400,000.00 |
| 10 | Social And Local Subject Lab | 400,000.00 |

| | | |
|---|---|---|
| 11 | Children Class Room Decoration | 800,000.00 |
| | **Total Amount** | **10,988,894.33** |

१० (ग). शिक्षा समितिको मिति २०८२ साल जेष्ठ २५ गतेको तपसिल बमोजिमको निर्णय अनुमोदन गर्ने तथा आ.व. २०८२/०८३ पेश गर्ने योजना तथा कार्यक्रम माथि भने थप छलफल गर्ने

तपसिल

१. प्रस्ताब नं. १. शैलुङ गाउँपालिकामा रहेका सामुदायिक विद्यालयहरुको कक्षा समायोजन तथा विद्यालय समायोजन तपसिल बमोजिम हुने गरी गर्ने र उक्त निर्णय अनुमोदनका लागि गाउँ कार्यपालिकामा सिफारिस गर्ने

   तपसिल

   क) शैलुङ गाउँपालिका वडा नं. २ मा रहेको कमलामाई प्राथमिक विद्यालयमा विद्यार्थी संख्या न्युन रहेको हुनाले सो विद्यालयमा सञ्चालनमा रहेको कक्षा १ देखि कक्षा ३ सम्मको कक्षाहरुलाई समायोजन गरी उक्त बिद्यालयमा बाल कक्षा मात्र सञ्चालन गर्ने साथै समायोजन भएको कक्षाहरु नविन माध्यमिक बिद्यालयमा मिलान गर्ने र सो विद्यालयमा नवीन माध्यमिक विद्यालयबाट नै तलब भत्ता खाने गरी कार्यालय सहयोगीलाई कामकाजमा खटाउने

   ख) शैलुङ गाउँपालिका वडा नं. ४ मा रहेको कमला आधारभूत विद्यालयमा विद्यार्थी संख्या न्युन रहेको हुनाले सो विद्यालयमा सञ्चालनमा रहेको बाल बिकास कक्षा देखि कक्षा ३ सम्मको कक्षाहरुलाई नमुना आधारभूत बिद्यालय शैलुङ-४ मा मिलान गर्ने

   ग) शैलुङ गाउँपालिका वडा नं. ६ मा रहेको सेतीदेवी आधारभुत विद्यालयमा विद्यार्थी संख्या न्युन रहेको हुनाले सो विद्यालयमा सञ्चालनमा रहेको बाल बिकास कक्षा देखि कक्षा ५ सम्मको कक्षाहरुलाई समायोजन गरी उक्त बिद्यालयमा बाल कक्षा मात्र सञ्चालन गर्ने साथै समायोजन भएको कक्षाहरु कालिका माध्यमिक बिद्यालयमा मिलान गर्ने र कालिका माध्यमिक विद्यालयबाट नै सेतीदेवी आधारभुत विद्यालय रहेको भवनमा बाल विकास कक्षा सञ्चालन गर्ने

   घ) शैलुङ गाउँपालिका वडा नं. ६ मा रहेको सञ्जिवनी आधारभूत विद्यालयमा विद्यार्थी संख्या न्युन रहेको हुनाले सो विद्यालयमा सञ्चालनमा रहेको बाल बिकास कक्षालाई विद्यालय समायोजन गरी उक्त बिद्यालयलाई कालिका माध्यमिक बिद्यालयमा मिलान गर्ने

   ङ) शैलुङ गाउँपालिका वडा नं. १ मा रहेको कुण्ड आधारभूत विद्यालयमा विद्यार्थी संख्या न्युन रहेको हुनाले सो विद्यालयमा सञ्चालनमा रहेको बाल बिकास कक्षा देखि कक्षा ३ सम्मको कक्षाहरुलाई बिद्यालय समायोजन गरी उक्त बिद्यालयलाई राष्ट्रिय आधारभुत बिद्यालय शैलुङ-६ दोलखामा मिलान गर्ने

   च) शैलुङ गाउँपालिका वडा नं. ८ मा रहेको जलधारा आधारभूत विद्यालयमा विद्यार्थी संख्या न्युन रहेको , नजिक माध्यमिक विद्यालय रहेको हुनाले सो विद्यालयमा सञ्चालनमा रहेको बाल बिकास कक्षा देखि कक्षा ५ सम्मको कक्षाहरुलाई समायोजन गरी उक्त कक्षाहरु शारदा माध्यमिक बिद्यालय शैलुङ-८ दोलखामा मिलान गर्ने

प्रस्ताव नं. २ . शैलुङ गाउँपालिकामा बिद्यालय समायोजन भए पश्चात बिद्यालयमा दरबन्दी मिलान कार्य तपसिल बमोजिम हुने गरी गर्ने

घट हुने विवरण

| क्र.सं. | विद्यालयको नाम | कार्यालय सहयोगी | बाल बिकास सहजकर्ता | प्रा.वि. शिक्षक | निमा.वि. शिक्षक |
|---|---|---|---|---|---|
| १ | कमलामाई आ.वि. | १ | | १ | |
| २ | ताप्केडाँडा प्रा.वि. | | | १ | |
| ३ | कुण्ड आ.वि. | १ | | १ | |
| ४ | कमला प्राथमिक विद्यालय | १ | | १ | |
| ५ | सेतीदेवी प्राथमिक विद्यालय | १ | १ | | |
| ५ | सञ्जीवनी प्राथमिक विद्यालय | १ | १ | १ | |
| ६ | जलधारा आ.वि. | १ | १ | १ | |
| | | ६ | ३ | ६ | |

थप हुने विवरण

| क्र.सं. | विद्यालयको नाम | कार्यालय सहयोगी | बाल बिकास सहजकर्ता | प्रा.वि. शिक्षक | निमा.वि. शिक्षक |
|---|---|---|---|---|---|
| १ | नमुना प्रा.वि. | | | | |
| २ | नविन मा.वि. | १ | | १ | |
| ३ | कालिका मा.वि. | १ | २ | | |
| ४ | चण्डिका आ.वि. | १ | | १ | |
| ५ | मागापौवा  माध्यमिक विद्यालय | १ | | १ | |
| ६ | साँगुते माध्यमिक विद्यालय | | | | |
| ७ | शारदा माध्यमिक विद्यालय | | १ | | |
| ८ | राष्ट्रिय प्राथमिक विद्यालय | १ | | २ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | शैलुङ हिलटन आ.वि. | | | १ | |
| | | ५ | ३ | ६ | |

निर्णय नं. ३ प्रस्ताब नं. ३. शैलुङ गाउँपालिकामा शैक्षिक सत्र २०८२ को विभिन्न समयमा  काज सरुवा भएका शिक्षकहरुको सरुवा अनुमोदन गर्ने  तथा दरबन्दी मिलान भएपश्चात  तपसिल बमोजिम हुने गरी शिक्षकहरुको विभिन्न विद्यालयहरुमा सरुवा गर्ने

| क्र. सं. | कार्यरत विद्यालयको नाम | शिक्षकको नाम | तह | सरुवा गरिएको विद्यालयको नाम |
|---|---|---|---|---|
| १ | श्री कमलामाई प्राथमिक विद्यालय , शैलुङ-२ , दोलखा | सिता लामा | प्राथमिक तह , तृतिय श्रेणी | श्री नविन माध्यमिक विद्यालय , शैलुङ-२ , दोलखा |
| २ | श्री कमलामाई प्राथमिक विद्यालय , शैलुङ-२ , दोलखा | पवित्रा तामाङ | विद्यालय सहयोगी | श्री नविन माध्यमिक विद्यालय , शैलुङ-२ , दोलखा |
| ३ | श्री ताप्केडाँडा आधारभूत विद्यालय , शैलुङ-२ , दोलखा | कविता लुईटेल | प्राथमिक तह , तृतिय श्रेणी | श्री राष्ट्रिय प्राथमिक विद्यालय , शैलुङ-६ , दोलखा |
| ४ | श्री कमला प्राथमिक विद्यालय , शैलुङ-४ , दोलखा | कमला तामाङ | प्राथमिक तह , तृतिय श्रेणी | श्री नमुना प्राथमिक विद्यालय , शैलुङ-४ , दोलखा |
| ५ | श्री कमला प्राथमिक विद्यालय , शैलुङ-४ , दोलखा | कमला मोक्तान | विद्यालय सहयोगी | श्री मागापौवा  माध्यमिक  विद्यालय , शैलुङ-४ , दोलखा |
| ६ | श्री कुण्ड आधारभुत विद्यालय , शैलुङ-६ , दोलखा | जितलाल तामाङ | प्राथमिक तह , रातह दरबन्दी | श्री राष्ट्रिय प्राथमिक विद्यालय , शैलुङ-६ , दोलखा |
| ७ | श्री सेतिदेवी आधारभुत विद्यालय , शैलुङ-६ , दोलखा | ज्ञानु तामाङ | बाल विकास सहजकर्ता | श्री कालिका माध्यमिक विद्यालय , शैलुङ-७ , दोलखा |
| ८ | श्री सेतिदेवी आधारभुत विद्यालय , शैलुङ-६ , दोलखा | सविता तामाङ | विद्यालय सहयोगी | श्री राष्ट्रिय आधारभुत  विद्यालय , शैलुङ-६ , दोलखा |
| ९ | श्री जलधारा प्राथमिक विद्यालय , शैलुङ-८ , दोलखा | हेम बहादुर थपलिया | प्राथमिक तह , तृतिय श्रेणी | श्री चण्डिका  आधारभुत विद्यालय , शैलुङ-७ , दोलखा |
| १० | श्री जलधारा प्राथमिक विद्यालय , शैलुङ-८ , दोलखा | सुस्मिता कार्की | बाल विकास सहजकर्ता | श्री शारदा माध्यमिक विद्यालय , शैलुङ-८ , दोलखा। |
| ११ | श्री जलधारा प्राथमिक विद्यालय , शैलुङ-८ , दोलखा | सदिक्षा भण्डारी | विद्यालय सहयोगी | श्री चण्डिका  आधारभुत विद्यालय , शैलुङ- ८ , दोलखा। |
| १२ | श्री कालिका माध्यमिक विद्यालय , शैलुङ-७  , दोलखा | राजन भुजेल | निम्न माध्यमिक तह , तृतिय श्रेणी | श्री शारदा  माध्यमिक विद्यालय , शैलुङ-८ , दोलखा |

| | | | | |
|---|---|---|---|---|
| १३ | श्री दुधपोखरी आधारभुत विद्यालय , शैलुङ-१ , दोलखा | मन्धिर पोखरेल लोहार | निम्न माध्यमिक तह , तृतिय श्रेणी राहत | श्री मागापौवा माध्यमिक विद्यालय , शैलुङ-४ , दोलखा |
| १४ | श्री शारदा माध्यमिक विद्यालय, शैलुङ-८ , दोलखा | मान बहादुर तामाङ | प्राथमिक तह , तृतिय श्रेणी | श्री शैलुङ्गेश्वर आधारभुत विद्यालय , शैलुङ-८ , ढुङ्गे दोलखा |
| १५ | श्री चण्डिका आधारभुत विद्यालय , शैलुङ- ८ , दोलखा | सन्तोष भुजेल | प्राथमिक तह , तृतिय श्रेणी | श्री शारदा माध्यमिक विद्यालय , शैलुङ-८ , दोलखा |
| १६ | श्री शैलुङ्गेश्वर आधारभुत विद्यालय , शैलुङ- ८ , मनगाउँ दोलखा | दालचिनी कार्की | प्राथमिक तह , तृतिय श्रेणी राहत | श्री शैलुङ्गेश्वर आधारभुत विद्यालय , शैलुङ-८ , पाडेखानी दोलखा। |
| १७ | श्री नमुना प्राथमिक विद्यालय , शैलुङ-४ , दोलखा | | प्राथमिक तह , तृतिय श्रेणी राहत | श्री मागापौवा माध्यमिक विद्यालय , शैलुङ-४ , दोलखा |

आ.व. २०८२/०८३ को लागि शिक्षा शाखाको कार्यक्रमहरु तपसिल बमोजिम हुने गरी कार्यपालिकामा सिफारिस गर्ने

| आ.व. २०८२/०८३ को आन्तरिक तर्फको प्रस्तावित बजेट विवरण | | | |
|---|---|---|---|
| | | | |
| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित वजेट | कैफियत |
| १ | स्थानीय पाठ्यपुस्तक लेखन | ७००००० | |
| २ | प्र.अ. तथा शिक्षा समिति बैठक सञ्चालन | ३५०००० | |
| ३ | गाउँ शिक्षा योजना निर्माण | ५००००० | |
| ४ | शैलुङ्गेश्वर आ.वि. थप तलब | ६००००० | |
| ५ | बाल शिक्षक कर्मचारी लेखा शिक्षक थप तलब | २५००००० | |
| ६ | बाल शिक्षक कर्मचारी लेखा शिक्षक थप तलब | ४९००००० | |
| ७ | सुत्केरी विदा सट्टा शिक्षक व्यवस्थापन | ३५०००० | |
| ८ | शिक्षक तालिम ( शिक्षण विधि,कला र पाठ्यक्रम , आईसिटी सम्बन्धी तालिम , ) | १०००००० | |
| ९ | दिवा खाजा थप कक्षा १-५ | ९८०००० | |
| १० | दिवा खाजा थप कक्षा ६-८ | २३००००० | |
| ११ | अतिरिक्त क्रियाकलाप | ७००००० | |
| १२ | प्राविधिक विद्यालय अनुदान | ५००००० | |
| १३ | शिक्षक प्रोत्साहन ( झोला , डायरी) | ७५०००० | |

| | | | |
|---|---|---|---|
| १४ | राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन लगायत अन्य खेलकुद | ४०००००० | |
| १५ | परीक्षा सञ्चालन कक्षा ८ , स्तर निर्धारण शिक्षक छनोट | १२००००० | |
| १६ | उत्कृष्ट शिक्षक विद्यार्थी पुरस्कार | ६००००० | |
| १७ | कार्य सम्पादनमा आधारित प्र.अ. प्रोत्साहन | ५००००० | |
| १८ | कक्षा १० अतिरिक्त  कक्षा व्यवस्थापन | ७००००० | |
| १९ | कक्षा ८ अतिरिक्त  कक्षा व्यवस्थापन | ७००००० | |
| २० | शैक्षिक अवलोकन भ्रमण | ५००००० | |
| २१ | शैक्षिक सम्मेलन तथा प्रदर्शनी | २५०००० | |
| २२ | प्राविधिक विद्यार्थी छात्रवृति अनुदान | ५००००० | |
| २३ | शिक्षक खेलकुद कार्यक्रम | २००००० | |
| २४ | आन्तरिक परीक्षा व्यवस्थापन | ११००००० | |
| २५ | विद्यालय अनुदान कार्यक्रम | २२००००० | |
| | | २८५८०००० | |

प्रस्ताव नं. ६. विद्यार्थी सिकाई उपलब्धीका आधारमा तपसिलको प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने

| कक्षा | जि.पि.ए. | | | |
|---|---|---|---|---|
| | ३.६ देखि ३.७९ वा ८० % भन्दा माथी | ३.८ – ३.९९ वा ८५ % भन्दा माथी | ४ वा ९० % भन्दा माथी | कैफियत |
| ५ | ४,०००।- | ८,०००।- | १५,०००।- | |
| ८ | ५,०००।- | १०,०००।- | २०,०००।- | |
| १० | १०,०००।- | २०,०००।- | १,००,०००।- | |
| १२ | १०,०००।- | २०,०००।- | १,००,०००।- | |
| | | | | |

१०(घ). २ नं. वडा कार्यालय निर्माणको लागि निशुल्क जग्गादाताहरुको लिखित पारितको लागि भू-सेवा केन्द्रमा भुक्तानी गरेको रू ३५,०००/-(पैतिस हजार मात्र) रकम विविध खर्च शिर्षकबाट श्री शुक्रध्वज तमाङलाई भुक्तानी दिने

१०(ङ). आ.व. २०८२/०८३ देखि रू ५० लाख वा सो भन्दा माथिका लागत अनुमान भएका आयोजनालाई शैलुङ गाउँपालिकाको आयोजना बैंकमा समावेश गर्ने गरी Threshold तोकि  तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरूलाई योजना बैंकमा समावेश गर्ने

तपसिल

| सि.नं. | योजनाको नाम | ठेगाना | बजेट रू | कैफियत |
|---|---|---|---|---|
| १. | जुगे दुधपोखरी कल्लाबारी सडक | शैलुङ-१ | ७९४२९८१४० | |
| २ | सरसर्पा गैरी ताम्चेत सडक | शैलुङ-१ | ६६०४४२२००.६ | |
| ३ | गोल्मोखोला दुधपोखरी कल्ला बारी खानेपानी आयोजना | शैलुङ-१ | ६७२४०५३१.४५ | |
| ४ | पोर्सव खाँनिगाउँ पसलटोल खानेपानी आयोजना | शैलुङ-२ | ४,१७,३८,३६२.५९ | |
| ५ | देउराली बाघखोर वडा कार्यालय सडक | शैलुङ-२ | ४६,४८,३१,३९९.९३ | |
| ६ | छोलिङ छ्योर्तेन गुम्बा तथा छोया गङ्गा बाँयाखेल्ने चुलिडाँडा योजना | शैलुङ-२ | ५,२९,२८,३७५.७० | |
| ७ | शैलुङ आधारभूत सेवा केन्द्र (प्रस्तावित शैलुङ अस्पताल)को गुरू योजना | शैलुङ-३ | ७,४५,२६,४४४.३१ | |
| ८ | शैलुङ आधारभूत सेवा केन्द्र (प्रस्तावित शैलुङ अस्पताल) निर्माण | शैलुङ-३ | ११,१२,२८,७०३.२४ | |
| ९ | शैलुङ रङ्गशाला निर्माण | शैलुङ-३,५ | | |
| १० | बोत्ले गोचेत भुरुङ्गा खानेपानी आयोजना | शैलुङ-३ | | |
| ११ | कभर्ड हल, सामुदायिक भवन, पार्टिप्यालेस, बसपार्क  निर्माण, बजार सौन्दर्यकरण कार्यक्रम | शैलुङ-३ | ३१,५९,५३,२७९.८४ | |
| १२ | शैलुङ कोल्डस्टोर | शैलुङ-३ | ९,९९,३८,३००.४९ | |
| १३ | लप्सिङ हिले वडा कार्यालय खानेपानी आयोजना | शैलुङ-४ | २,००,९४,५८५.२६ | |
| १४ | हिले जोगिडाँडा सेरा सडक | शैलुङ-४ | २०,१४,५३,२४५.६३ | |
| १५ | हिले  आहाले पिपलडाँडा सडक | शैलुङ-४ | २८,४६,१५,०६१.९७ | |
| १६ | भैसेघाट निर्माण | शैलुङ-३ | १,६९,०२,९४७.३८ | |
| १७ | ओखरबोट काटाकुटी सिंचाई आयोजना | शैलुङ-५ | ३,९१,९२,३२२.०० | |
| १८ | गोल्मोराजा गोल्मारानी क्षेत्र पुर्वाधार निर्माण | शैलुङ-५ | ३,८४,७२,८२८.०० | |

| | | | | |
|---|---|---|---|---|
| १९ | थलथले छिपछिपे वुगुनागी खानेपानी आयोजना | शैलुङ-५ | १,५३,९८,६५२.८६ | |
| २० | ओखरबोट हिले हेल्थपोष्ट सडक | शैलुङ-६ | ३१,४२,६२,९२६.११ | |
| २१ | प्याथरखोला खानेपानी आयोजना | शैलुङ-६ | २,७६,९५,८६१.५३ | |
| २२ | किटिनी खानेपानी आयोजना | शैलुङ-७ | २,५२,६५,०३४.९८ | |
| २३ | टुडिखेल गोठपानी सडक | शैलुङ-७ | ३४,५२,१२,०२१.७७ | |
| २४ | सत्यश्वर भैसे मनगाउँ सडक | शैलुङ-८ | ४८,१२,५१,२२६.०० | |
| २५ | लाकुरी भालुश्वारा सडक | शैलुङ-८ | २४,४०,८४,२७७.७२ | |
| २६ | मुडे मेलुङ सडक(बाघखोर भैसे ढाँडे सडक खण्ड) | शैलुङ-८ | १०,६९,६६,३८४.५० | |
| २७ | कालापानी शैलुङ मिनिग्रेटवाल | शैलुङ-८ | १३,५०,७६,००९.७० | |
| २८ | ओख्रेखोला घट्टेखोला पिपलडाँडा सिंचाई आयोजना | शैलुङ-४ | २,००,००,०००/- | |
| २९ | त्रिसुले महादेव सिंचाई आयोजना | शैलुङ-४ | २,००,००,०००/- | |
| ३० | बाघखोर गाईघाट घोक्सिला सडक | शैलुङ-५ | २,००,००,०००/- | |
| ३१ | अनाथालय महाँकाल मागा विर्ता सडक | शैलुङ-४ | २,००,००,०००/- | |
| ३२ | निगाले बाघखोर टाँडी वडा कार्यालय जम्बुसिंह कल्लाबारी | शैलुङ गाउँपालिका | २,००,००,०००/- | |

१० (च). बागमति प्रदेश, सामाजिक विकास कार्यालय, धुलिखेलद्वारा ठाडे कालिदेवी सामुदायिक भवन, शैलुङ-१ निर्माणको लागि बजेट विनियोजन भएको हुँदा उक्त भवन वडा कार्यालयको आसपासमा रहेको सार्वजनिक जगामा भवन निर्माण गर्नको लागि सिफारिस गर्ने

१०(छ). बिभिन्न समयमा आएको अविरल वर्षाका कारण ढुङ्गे फलाटे सडक, शैलुङ-१ को सडक मर्मत तथा सरसफाई गर्नको लागि विपद् तथा आकस्मिक कोषमा विनियोजित रकमबाट रू ५,००,०००/- (पाँच लाख मात्र) बजेट विनियोजन गरी सरसफाई कार्य अगाडि बढाउने

१०(ज). बिभिन्न समयमा आएको अविरल बर्षाको कारण तपसिल बमोजिमका सिंचाई योजनामा क्षति भएको हुँदा सोको मर्मत तथा पाईप व्यवस्थापनको लागि जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय, दोलखामा सिफारिस गर्ने

तपसिल

| सि.नं | योजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| | | | |

| | | | |
|---|---|---|---|
| १ | मानेरुम्टा बेसि सिंचाई आयोजना | शैलुङ-४ | |
| २ | महादेव खोला मालिघ्याङ सिंचाई आयोजना | शैलुङ-२ | |

१०(झ). आ.ब. २०८१/८२ मा उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने गरी सम्झौता भएका देहाय बमोजिमका आयोजनाहरुको विविध कारणले तोकिएको अवधि भित्र कार्य सम्पन्न नहुने देखिएकोले कार्य सम्पन्न अवधि २०८२ आषाढ १० गते सम्म कायम हुनेगरी म्याद थप गर्ने

कार्य सम्पन्न गर्ने म्याद थप गर्नुपर्ने आयोजनाहरुः

| क्र सं | आयोजनाको नाम | वडा नं | बजेट | सम्झौता मिति | सम्पन्न हुने मिति |
|---|---|---|---|---|---|
| १ | हिले सामुदायिक भवन निर्माण | ६ | ४,००,०००.०० | २०८१/०९/०९ | २०८२/०१/३० |
| २ | काडे नुनथला सडक | ३ | ४,००,०००.०० | २०८१/०९/११ | २०८१/१२/२० |
| ३ | वडा कार्यालय हेल्थपोष्ट सडक सोलिङ | ७ | २,९९,०००.०० | २०८१/०९/१२ | २०८१/१२/३० |
| ४ | ठुलोखोला ढिस्कुना सिंचाई योजना | ६ | ८,००,०००.०० | २०८१/१०/०८ | २०८२/०१/१० |
| ५ | थगम खानेपानी व्यवस्थापन | २ | ३,००,०००.०० | २०८१/१०/१४ | २०८२/०१/२५ |
| ६ | थगम पहिरो नियन्त्रण | २ | ३,००,०००.०० | २०८१/१०/१४ | २०८२/०१/३० |
| ७ | थगम खेल मैदान मर्मत | २ | ५,००,०००.०० | २०८१/१०/१४ | २०८२/०१/३० |
| ८ | थगम चौतारीडाँडा पुरानोगाउँ सडक | २ | ५,००,०००.०० | २०८१/१०/१४ | २०८२/०१/३० |
| ९ | पसलटोल मानेदोभान पदमार्ग मर्मत | २ | २,९९,०००.०० | २०८१/१०/१४ | २०८२/०१/२८ |
| १० | निगाले गुफाडाँडा सडक निर्माण | ६ | २,००,०००.०० | २०८१/१०/१४ | २०८२/०१/१५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | चित्रे ढाक्रेबास लिङ्गे कृषि सडक | २ | ३,००,०००.०० | २०८१/१०/१५ | २०८२/०२/१५ |
| १२ | नाग्रेली सामुदायिक भवन निर्माण | ३ | ७,००,०००.०० | २०८१/१०/१५ | २०८२/०२/१० |
| १३ | वडा कार्यालय गोठपानी सडक सोलिङ | ६ | १,९७,०००.०० | २०८१/१०/१४ | २०८२/०१/३० |
| १४ | च्यानडाडा सडक तथा घाट निर्माण | ६ | ५,००,०००.०० | २०८१/१०/१४ | २०८२/०१/२७ |
| १५ | खानेपानी व्यवस्थापन -सिमपानी भित्तारे कुभिन्डे ओखलढुङ्गा_ | ८ | ५,५०,०००.०० | २०८१/१०/१५ | २०८२/०२/१५ |
| १६ | स्वास्थ्य चौकी सवलिकरण शैलुङ्गेश्वर स्वास्थ्य चौकी | ८ | १०,००,०००.०० | २०८१/१०/२७ | २०८२/०२/३० |
| १७ | कल्लाबारी मावि देखि मुलधारा सिढी निर्माण | १ | २,९९,०००.०० | २०८१/११/१५ | २०८२/०२/३० |
| १८ | लिङ्गे ढाक्रेबास गोल्फु सडक | २ | ४,००,०००.०० | २०८१/१२/०३ | २०८२/०२/३० |

१०(झ). गाउँपालिकाबाट बिभिन्न समयमा ठेक्का लगाएका योजना तथा कार्यक्रमको कार्यसम्पन्न गर्न बिभिन्न समस्या आई कार्य सम्पन्न गर्न कठिनाई भएको भनि निर्माण व्यवसायीहरुको तर्फबाट निवेदन प्राप्त भएको हुँदा तपसिल बमोजिमको योजना तथा कार्यक्रमको देहायबमोजिम हुने गरी कार्यसम्पन्न अवधि थप गर्ने

तपसिल

| सि.नं. | योजना तथा कार्यक्रमको नाम, ठेक्का नं.- | निर्माण व्यवसायीको नाम | कार्य सम्पन्न गर्ने अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | गोल्मोखोला कल्लाबारी दुधपोखरी खानेपानी आयोजना,शैलुङ-१ SRM/NCB/W/8-2079/080 | गौतम शक्ति/भुमेस्थान जे.भी., सिन्धुपाल्चोक | २०८२ पौष मसान्त सम्म | Intake-2 निर्माणको लागी स्थानियहरूको अवरोध |